**गण्डकी प्रदेश सरकार**

# सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

पोखरा, नेपाल

## प्रस्ताव पेस गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशन मिति : २०८०।०७।१६ गते)

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश पोखराको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम र यस मन्त्रालयको मिति २०८०।०६।२१ गते (माननीय मन्त्री स्तर) को निर्णयानुसार स्वीकृत भएका युवा तथा खेलकुद सम्बन्धी कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड–२०८० अनुसार तपसिल बमोजिमका कार्यक्रम कार्यान्वयन गर्नका लागि मिति २०८०।०८।१७ गतेसम्म रीतपूर्वक यस मन्त्रालयमा तोकिएको ढाँचामा प्रस्ताव पेस गर्नहुन यो सूचना प्रकाशित गरिएको छ। थप जानकारीका लागि सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको website: mosd.gandaki.gov.np मा हेर्नुहुन अनुरोध गरिन्छ।

**तपसिल**

| क्र.सं. | कार्यक्रमको नाम | प्रस्ताव पेस गर्ने | तोकिएको ढाँचामा प्रस्ताव र तपसिल बमोजिमका आवश्यक कागजपत्रहरू |
|---|---|---|---|
| १ | युवा उद्यम तथा स्वरोजगार कार्यक्रम | उद्यम तथा स्वरोजगारको कार्य गरेका युवाहरू | १. संस्था दर्ता तथा नवीकरण सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि,<br>२. लेखापरीक्षण प्रतिवेदन तथा आ.व. २०७९/८० सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,<br>३. उद्यमका लागि प्रयोग गरिने जग्गा तथा भौतिक संरचनाको स्वामित्व खुल्ने प्रमाण वा भोगाधिकारको प्रमाण वा लिजमा लिएको प्रमाण (कम्तीमा ५ वर्ष),<br>४. सम्बन्धित स्थानीय तहको सिफारिस,<br>५. प्रस्तावित उद्यमको व्यावसायिक परियोजना प्रस्ताव (लागत अनुमान समेत),<br>६. अनुसूची ९ बमोजिमको स्वघोषणा पत्र,<br>७. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि। |
| २ | परम्परागत पेसालाई आधुनिकीकरण गर्न युवालाई प्रोत्साहन कार्यक्रम | परम्परागत पेसा व्यवसाय अँगालेका युवाहरू | १. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>२. सम्बन्धित स्थानीय तहको सिफारिस,<br>३. संस्था/व्यवसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपि,<br>४. आ.व. २०७९/८० सम्मको कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि,<br>५. व्यवसाय प्रवर्द्धन सम्बन्धी योजना (लागत अनुमान समेत),<br>६. पेसा व्यवसाय सञ्चालन गरेको देखिने फोटो |
| ३ | अपाङ्गता भएका युवा उद्यमीलाई प्रोत्साहन सहयोग | अपाङ्गता भएका युवा उद्यमीहरू | १. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>२. अपाङ्गताको परिचय पत्रको प्रतिलिपि,<br>३. संस्था दर्ता र पान दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>४. कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि,<br>५. सम्बन्धित स्थानीय तहको सिफारिस<br>६. व्यवसाय प्रवर्द्धन सम्बन्धी योजना (लागत अनुमान समेत),<br>७. पेसा व्यवसाय सञ्चालन गरेको देखिने फोटो |
| ४ | एक स्थानीय तह एक खेलमैदान निर्माण | गण्डकी प्रदेशका ८५ वटा स्थानीय तहहरू | १. आवश्यक ड्इङ, डिजाइन, लागत अनुमान र स्पेसिफिकेसन सहितको नगरपालिका/गाउँपालिकाबाट स्वीकृत अनुमानित लागत इस्टिमेट वा विस्तृत परियोजना प्रतिवेदन (DPR) र प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन,<br>२. निर्माण समिति गठन, खाता सञ्चालन र सम्झौता गर्ने व्यक्तिका सम्बन्धमा भएको निर्णयको प्रतिलिपि,<br>३. स्थानीय तह/उपभोक्ता समितिबाट कम्तीमा १० प्रतिशत लागत साझेदारी सुनिश्चित गरिएको पत्र,<br>४. सम्बन्धित स्थानीय तहको सिफारिस,<br>५. खेलमैदान निर्माण हुने स्थानको कित्ता नं. खुलेको नक्सा र उक्त जग्गाको क्षेत्रफल र हकभोग सम्बन्धी पालिकाको पत्र<br>६. निर्माण समितिका पदाधिकारीहरूको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि<br>७. अनुसूची–१५ बमोजिमको स्वघोषणा पत्र,<br>८. सम्झौता गरिपाऊँ भन्ने निवेदन। |

थप जानकारीका लागि : फोन नं.: ०६१–५९०२४२, ५९०२४३ इमेल : ministrysocialdevpkr@gmail.com